# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ १ गते २०१२ साल

### अर्थविभागको सूचना

४०६

०१२।१०।५।५

२००६ साल आश्विन ७ गते प्रकाशित भएको गजेट भाग (२) मा ७०–१३० को स्केलको टेबुलमा मासिक ५४ सम्म खानेलाई रु ७३ दोस्रो वर्ष पाउने भई रहेकोमा पहिले खाएको सदर गरी अबलाई हाल सरकारबाट निर्णय भएको ०१२ साल मार्ग १ गतेदेखि लागू हुने पे–स्केलबमोजिम गर्नू, गर्न लाउनू।

आज्ञाले—
नीरराज,
सेक्रेटरी—अर्थविभाग.

269



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अर्थविभागको सूचना

४१०

०१२।१०।५।५

०१० साल माघ ५ गते हाकिम, तहरीर, असिष्टेन्ट बही बुझाउनेहरुको विशेष तलबबारे प्रकाश भएको गजेटको स्पष्टीकरण ०१० साल चैत्र ११ गते प्रकाशित भएकोमा देहायको दफाको देहायबमोजिम गर्ने गरी ०१२।६।१६।३ मा सदर भएको हुनाले सोबमोजिम गर्नु गराउनुहोला ।

(१) हाकिम तहरीर असिष्टेन्ट भनी कम्पाउडरी किताबखानामा दर्ता भएकालाई मात्र मान्नुपर्ने हुनाले सोबमोजिम गर्नुहोला भनी (३) दफामा लेखिएकोमा किताबखानामा दर्ता भएकोमा पनि डाइरेक्टरीयटमा र बिभाग बिभाग (सचिवालय) मा ठेकिई लाई काम गरिरहेको हाकिम तहरीर असिष्टेन्टले हाकिम तहरीर असिष्टेन्ट भत्ता पाउँदैन। खाई पाई आएको भए त्यस्तालाई समेत अबउप्रान्त पाउनेछैन।

(२) बही बुझाउने भनेकोमा हाकिमले बही नबुझाई तहरीरले अथवा अरुले आफू मुख्याभई बही बुझाएकोमा मात्र जजसले सोबमोजिम गरेका छ, उस उसले नै बही बुझाउने ठहर्दछ। हाकिमले मुख्य भई बही बुझाउनेमा स्याहा श्रेस्तामा सहिछाप गरेका सम्म नाताले अरुले पनि बही बुझाएका ठहरिनेछैन भनी (४) दफामा लेखिएकोमा पनि महीना महीनामा स्याहा र साबतबाक भएपछि ठपोट आय व्यय खडा गरी बही बुझाउनेबाहेक अरुले बही बुझाउने भत्ता पाउनेछैन।

आज्ञाले—

नीरराज;

सेक्रेटरी—अर्थविभाग.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।